## वैदेशिक सरोकार

# नेपाल भारतबीचको सम्बन्धलाई समृद्धिमा अघि बढाउनुपर्ने

*काठमाडौं ।* भारतीय विज्ञहरुले नेपाल र भारतबीचको ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई समृद्धिमा ढाल्न विश्वासको वातावरण अनिवार्य रहेको बताएका छन् । नीति अनुसन्धान प्रतिष्ठान नेपालले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा बोल्दै भारतीय प्राध्यापकहरु बी.के. मलहोत्रा र राजेश खरातले विश्वासको वातावरण बलियो बनाउनुपर्नेमा जोड दिएका हुन् । इन्डियन काउन्सिल अफ सोसियल साइन्स रिसर्चका सदस्य सचिवसमेत रहेका प्राध्यापक बी. के. मलहोत्राले नेपाल र भारत मिलेर अगाडि बढ्न सके दुई देशले आर्थिक र सामाजिक क्षेत्रमा फड्को मार्ने बताए।

मलहोत्राले गरिबी निवारणमा नेपाल र भारतले मिलेर जान सक्ने विषयबारे तथ्य र तथ्यांकसहित व्याख्या गरेका थिए । नेपालबाट भारतले र भारतबाट नेपालले सिक्ने र सहयोग लिनसक्ने विषयहरु रहेको बताए । नेपालमा कृषि, पर्यटन, जलस्रोतलगायतको सही सदुपयोग गर्न सके यस क्षेत्रकै भविष्य उज्वल हुने बताए । आध्यात्मिक चिन्तनलाई महत्व दिंदै त्यसले आपसी विश्वास र मेलमिलापको भावना जगाउने तर्क गरे ।

जवाहरलाल नेहरु विश्वविद्यालयका प्राध्यापक राजेश खरातले नेपाल र भारतबीच विश्वासलाई अझ बलियो बनाउनुपर्ने बताए । विगतमा विश्वासमा आशंका पैदा भएको इंकित गर्दै त्यस्तो अवस्था आउन दिन नहुने बताए । भारत र नेपालबीच शिक्षा, स्वास्थ्य, कृषि, जडिबुटीलगायतका क्षेत्रमा अझ समन्वय र सहकार्य गरी अगाडि बढ्ने सम्भावना भएको बताए ।

---

## पाथीभरा याङ्वरक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### थेचम्बु, ताप्लेजुङ

### आन्तरिक आय ठेक्का बन्दोबस्तका लागि सिलबन्दी बोलपत्र सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७६/०४/२७**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ उपदफा (१) को देहाय (च) बमोजिमको प्राकृतिक स्रोत (नदीजन्य पदार्थ) मा कर प्रदेशले निर्धारण गरेअनुसार उत्खनन्, सङ्कलन र बिक्री कार्यमा कर लगाई गाउँपालिकाले उक्त कर सङ्कलन गर्ने व्यावस्था गरेको, १ नं. प्रदेश सरकारको आर्थिक ऐन, २०७५ को दफा ६ को अनुसूची ४ बमोजिमको नदीजन्य पदार्थको उत्खनन् सङ्कलन तथा निकासी बापतका कर यस गाउँपालिकाको छैठौं गाउँसभाबाट स्वीकृत दर रेट अनुसार चालु आ.व. २०७६/७७ का लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत स्थानहरुबाट तोकिएको परिमाणमा नदीजन्य पदार्थ बिक्री तथा निकासीमा कर सङ्कलन कार्य ठेक्का बन्दोबस्त गरी सिलबन्दी बोलपत्रको प्रक्रियाबाट गनुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तपशिल बमोजिमको शर्तहरुको अधीनमा रही बोलपत्र प्रस्ताव पेश गर्न हुन पाथीभरा याङ्वरक गा.पा.को मिति २०७६/०४/२४ को निर्णयनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रथम प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | शीर्षक | उत्खनन् हुने स्थान | ठेक्काको न्यूनतम कूल ठेक्का अंक -मू.अ.क. बाहेक) रु. | बिड बण्डको अवधि | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ORME/YRK/OB-01(076/77) | ढुङ्गा, गिटी, बालुवा, रोडा, बिक्री तथा निकासी शुल्क | थेचम्बु, टारी, खाल्टे पुच्छार, झोलुङ्गे पुल क्षेत्र, सिरुपा, र अन्य (गा.पा. क्षेत्र) | १३,००,०००।०० | १२० दिन | १०००।० (एक हजार) | |

**शर्तहरु :**

१. प्रचलित नेपाल कानुन बमोजिम दर्ता भई प्रमाणपत्र लिइएका व्यक्ति, फर्म वा कम्पनी संस्थाहरुले फाराम खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्न पाउने छन् ।
२. बोलपत्र फाराम खरिद गर्न आ.व. ०७५/७६ मा नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र, आ.व.०७५/०७६ को आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरुसहित बोलपत्र खरिदको लागि निवेदन पेश गर्नुपर्ने छ ।
३. यो सूचना स्थानीय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र सिलबन्दी बोलपत्र फाराम खरिद गरी १६ औं दिनको १२०० बजेसम्म यस कार्यालयमा दाखिला गरी सक्नुपर्ने छ । सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट हुने छ ।
४. यसरी दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु १६ औं दिनको १२०० बजेपछि कार्यालय समयभित्र कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी बोलपत्रदाताहरुको रोहबरमा खोलिने छ तर बोलपत्रदाताहरु अनुपस्थित रहेमा पनि खोल्न बाधा पर्ने छैन ।
५. जसको नाममा बोलपत्र खरिद गरिएको हो सोही फर्म वा कम्पनी/व्यक्तिहरुको नामबाट मात्र बोलपत्र दाखिला गर्नुपर्ने छ । यस कार्यालयबाट प्रमाणित नभएका बोलपत्रलाई मान्यता दिइने छैन र सोको छायाप्रति पनि स्वीकार्य हुने छैन ।
६. बोलपत्र फाराममा आफूले कबोल गरेको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।
७. सिलबन्दी बोलपत्र पेश गर्नेले नियमानुसार आफूले कबोल गरेको अंकको ३ प्रतिशतले हुन आउने रकम धरौटी लक्ष्मी बैंक खाता नं. 09211000124 मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन मान्यअवधि रहनेगरी जारी गरेको बैंक जमानत (बिड बण्ड) पेश गर्नुपर्ने छ ।
८. ठेक्का स्वीकृत भएपछि धरौटी बापत स्वीकृत ठेक्का अंक बराबरको नियमानुसारको नगदै रकम यस कार्यालयको लक्ष्मी बैंक खाता नं. 09211000124 धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट कार्यालयको नाममा जारी भएको कम्तिमा तेह्र महिना अवधि म्याद भएको बैंक जमानीपत्र (परफरमेन्स बण्ड) पेश गर्नुपर्ने छ ।
९. ठेक्का स्वीकृत भएपश्चात सम्झौताका बखत आफुले कबोल गरेको ठेक्का अंकको १३% हुने रकम एकमुष्ट मूल्य अभिवृद्धि कर (VAT) (सबै प्रकारको ठेक्का व्यवसायमा लाग्ने मू.अ.कर) आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को सक्कलै बैंक भौचर पेश गरे पश्चात वा यस कार्यालयमा सो मूल्य अभिवृद्धि कर (VAT) बापतको रकम एकमुष्ठ बुझाई सकेपछि मात्र ठेक्का सम्झौता गरिने छ ।
१०. ठेक्का अवधि ठेक्का सम्झौता भएको मितिबाट २०७७ जेठ मसान्त सम्म रहने छ ।
११. ठेक्का कबोल रकम तीन किस्ता बुझाउनुपर्ने छ । सम्पूर्ण ठेक्का अंकाको ६०% रकम एकमुष्ठ ठेक्का सम्झौता बखत जम्मा गर्नुपर्ने छ । बाँकीमध्ये दोस्रो किस्ता४०% रकम २०७६ फागुन मसान्तभित्र बुझाउनुपर्ने छ । तोकिएको किस्ता म्यादभित्र नबुझाएमा यस कार्यालयको खातामा राखेको धरौटी, परफरमेन्स बण्ड तथा धितो जमानत बाट असूली गरिने छ
१२ नेपाल सरकार र यस गाउँपालिकाले समय समयमा दिएको निर्देशन पुर्णरुपमा पालना गर्नुपर्ने छ । ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा प्रचलित ऐन नियम तथा सम्झौताको परिधिभित्र रही पाथीभरा याङ्वरक गा.पा., थेचम्बु, ताप्लेजुङको निर्णय अन्तिम र मान्य हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।
१३. न्यूनतम् ठेक्का अंकभन्दा घटि कबोल गरी सिलबन्दी बोलपत्र पेश गर्न पाइने छैन, साथै ठेकेदारबाट कुनै शर्त राखिएको वा रीत नपुगेको सिलबन्दी बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।
१४. ठेक्का कबोल गर्ने ठेकेदारले दररेट सहितको साइनबोर्ड सम्बन्धित सङ्कलन केन्द्रमा राख्नुपर्ने छ ।
१५. ठेक्का कबोल गर्ने ठेकेदार पाथीभरा याङ्वरक गा.पा.ले तोकेको कर उठाउँदा प्रयोग गर्ने नगदि रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयमा रसिद छपाइको लगत रसिद नियन्त्रण खातामा दाखिला गरेर मात्र कर दस्तुर सकलन गर्नुपर्ने कार्यमा प्रयोग गर्नुपर्ने छ । साथै प्रयोग भएका रसिदहरुका विवरण कार्यालयले माग गरेमा एक/एकप्रति उपलब्ध गराउनु ठेकेदारको कर्तव्य हुनेछ ।
१६. वातावरण संरक्षण ऐन २०५३ को दफा ३ तथा नियमावली २०५४ को परिच्छेद २ बमोजिम IEE सम्बन्धी विषयहरु यस ठेक्काको सर्त मानी दुवै पक्षबाट पालना गरिने छ ।
१७. ठेक्का समाप्त भई करचुक्ता पेश गरेपछि धरौटी बापतको रकम नियमानुसार फिर्ता गरिने छ ।
१८. यस गाउँपालिकाको कार्यालयमा बक्यौता तिर्न बाँकी रहेको व्यक्ति, फर्म वा कम्पनीहरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म सिलबन्दी बोलपत्रमा भाग लिन पाउने छैन ।
१९. ढुङ्गा गिटी बालुवाका लागि यस गाउँपालिका अन्तर्गत प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन (IEE) तयार स्वीकृत भै सकेको थेचम्बुको काबेलीखोला पुल देखि ५३२ मिटर माथिको उत्खनन् क्षेत्र, नाङ्खोल्याङको काबेलीखोला पुलदेखि ५५० मिटर तलको टारी र सिरुपा उत्खनन् क्षेत्र, नाङ्खोल्याङको फेलेधुङ तमोरनदी पहिलो उत्खनन् क्षेत्र फावाखोलाको खाल्टे पुच्छार र फावाखोलाको डुम्मिसे खण्ड, काबेलीको धुम्बेदिन र चाक्सीबोटेको उत्खनन् क्षेत्रहरु पर्नेछन ।
२०. ठेक्का सञ्चालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर शुल्क आदि ठेकेदार स्वयमले बुझाउनुपर्ने छ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइने छैन । ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाइने छैन । बिचैमा ठेकेदारले ठेक्का तोडेमा असुल हुन बाँकी रकम १०% जरिवाना जोडी असुलउपर गरिने छ ।
२१. सिलबन्दी बोलपत्र सम्बन्धी शर्तहरु तथा दररेट सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेब साइट www.yangwarakmuntaplejung.gov.np मा पनि हेर्न सकिने छ । सो सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस गाउँपालिकाको मोबाइल नं. ९८५२६६०४६० मा सम्पर्क राख्न सकिने छ । यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन ठेक्का लिने पक्षको आफ्नै दायित्व हुने छ ।
२२. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुने छ ।
२३ माथि उल्लेखित सिलबन्दी बोलपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।